# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, बानेश्वर, काठमाण्डौ
## ३१औं वार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरु

(क) **पृष्ठभूमि:**

यस बुटवल पावर कम्पनी लिमिटेडको ३१औं वार्षिक साधारण सभा मिति २०८०।०९।२९ ( तद्नुसार जनवरी १४, २०२४) आईतवार दिनको ११:०० बजे कार्की व्याङ्केट, बबरमहल, काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो ।

संचालक समितिका अध्यक्ष एवं सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु, पर्यवेक्षक तथा आमन्त्रित सवै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले ३१औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

(१) **सभा सम्बन्धी सूचना र प्रकाशन :**

३१औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको सूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरुको जानकारीका लागि मिति २०८०।९।५ गते नयापत्रिका राष्ट्रिय दैनिक र मिति २०८०।९।६ गते अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । सो सूचना, संक्षिप्त आर्थिक विवरणहरु, संचालक समितिको प्रतिवेदन, आ.व. २०७९।८० को वित्तिय विवरणहरु तथा वार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.bpc.com.np मा समेत हेर्न तथा डाउनलोड गर्न मिल्ने व्यवस्था गरी शेयरधनीहरुलाई जानकारी समेत गरिएको थियो । ३१औं वार्षिक साधारण सभाको सम्वन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, सिडिएस तथा क्लियरिङ लि. तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

(२) **उपस्थिति:**

अ) **संचालक समिति:**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ४. श्री ओम प्रकाश श्रेष्ठ | संचालक |
| ५. श्री राजु महर्जन | संचालक |
| ६. श्री विना राणा | संचालक |
| ७. श्री तिर्थमान शाक्य | स्वतन्त्र संचालक |
| ८. श्री हरि ब. बुढाथोकी | कम्पनी सचिव |

आ) **व्यवस्थापन:**

| | |
|---|---|
| १. श्री उत्तर कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री प्रतिकमान सिंह प्रधान | भाईस प्रेसिडेण्ट- आयोजना तथा व्यवसाय विकास |
| ३. श्री राधेश्याम श्रेष्ठ | भाईस प्रेसिडेण्ट- वित्त |

| | |
|---|---|
| ४. श्री टीकाराम भट्ट | भाईस प्रेसिडेण्ट- कर्पोरेट |
| ५. श्री प्रकाश कुमार श्रेष्ठ | भाईस प्रेसिडेण्ट-संचालन |
| ६. श्री गणेश प्रसाद खनाल | प्रमुख प्रवन्धक- आयोजना तथा व्यवसाय विकास |

इ) **शेयरधनीहरु:**
साधारण सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरधनीहरु मध्ये २०१ जना (संस्थागत शेयरधनी समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व:

जम्मा शेयर संख्या ३,४०,९०,६४६ कित्ता मध्ये २,२२,२१,२६४ कित्ता (६५.१८%) को प्रतिनिधित्व हुने गरी कुल ६९,७५४ शेयरधनीहरु मध्ये २०१ शेयरधनीहरु (०.२८८%) उपस्थित रहनु भएकोले सभाको कार्यवाही संचालनका लागि कम्पनी ऐन बमोजिम गणपुरक संख्या पुगेको थियो ।

## (ग) सभाको वैधानिकता:

शेयरधनीहरुले कम्पनीको ३१औं वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाईएको ठहर गरी सो सभामा छलफल हुने प्रस्तावहरुको सूची छलफल तथा निणर्यका लागि स्वीकृत भयो । सोही अनुसार अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सभाको कार्यवाही अगाडि बढाउनु भयो ।

## (घ) सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुति:

संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूले संचालक समितिको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो । सो पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरण लगायतका प्रस्तावहरुको सूचीमा समावेश भएका विषयहरुमा छलफलका लागि शेयरधनीहरुलाई अनुरोध गर्नु भयो । सो प्रस्तावहरुका सम्बन्धमा शेयरधनीहरुको कुनै टिप्पणी नभएकोले अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नु भयो ।

## (ङ) निर्णयहरु:

(क) **सामान्य प्रस्तावहरु:**

(१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९।८० को वित्तिय विवरणहरु सर्वसम्मतिवाट पारित भयो ।

(३) लेखापरीक्षण समितिका अध्यक्ष श्री प्रदीप कुमार श्रेष्ठले श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौलाई आ.व. २०८०।८१ को वित्तिय लेखापरीक्षण, कर लेखापरीक्षण तथा कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून अनुसार

आवश्यक पर्ने प्रमाणिकरण लगायतका कार्य गर्नका लागि कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्न र सो कार्यको लागि निजको सेवा शूल्क रु ४,४०,००० (चार लाख चालिस हजार रुपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता तथा यातायात खर्च बाहेक (Excluding of VAT, out-station allowance and travel expenses) निर्धारण गर्नका लागि लेखापरीक्षण समितिले सिफारिस गरेको हुँदा सोही अनुसार आ.व. २०८०।८१ को लेखापरीक्षक नियुक्त गर्न तथा निजको सेवा शूल्क निर्धारण गर्न प्रस्ताव पेश गर्नु भयो र सो प्रस्ताव सभावाट सर्वसम्मतिले पारित भयो ।

(४) कम्पनीको ३१औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई आ.व. २०७९।८० को खुद मूनाफावाट चुक्ता पूँजीको ५ (पाँच) प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**(ख) विशेष प्रस्तावहरुः**

(१) कम्पनीले आ.व. २०७९।८० मा विभिन्न संस्था तथा व्यक्तिहरुलाई दिएको आर्थिक सहयोग रकम रु.२,८६,५८२ अनुमोदन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(२) कम्पनीको प्रतिशेयर रु. १०० दरका १,००,००,००० (एक करोड) कित्ता शेयरहरु प्रचलित ऐन नियम वमोजिम प्रिमियम मुल्यमा थप सार्वजनिक निष्काशन गर्ने, सो निष्काशनवाट प्राप्त हुने रकमको उपयोगका सम्बन्धमा संचालक समितिवाट प्रस्तुत भएको वित्तिय योजना तथा कार्ययोजना स्वीकृत गर्ने र सो प्रयोजनका लागि कम्पनीको जारी पूँजी बृद्धि गरी प्रवन्धपत्रको दफा ५(ख) मा देहाय वमोजिम संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

"५ कम्पनीको शेयरपूँजीः
(ख) कम्पनीको जारी पूँजी रु. ४,४०,९०,६४,६०० (चार अरव चालिस करोड नब्वे लाख चौसठ्ठी हजार छ सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका ४,४०,९०,६४६ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।"

थप सार्वजनिक निष्काशनको वित्तिय योजना तथा कार्ययोजना, प्रवन्धपत्रमा संशोधनको तीन महले प्रस्ताव तथा संशोधित व्यवस्था अनुसूची १, २ र ३ मा संलग्न रहेको छ । साथै, उक्त पारित विशेष प्रस्तावहरु कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्दा वा नियमक निकायको निर्देशन वा आवश्यकता वमोजिम कुनै हेरफेर गर्न पर्ने भएमा आवश्यक हेरफेर वा शंशोधन तथा अभिलेख समेतको कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिले पारित गर्‍यो ।

(३) कम्पनीको नियमावलीको नियम १६ मा संशोधन गरी संचालक समितिमा संचालकहरुको संख्या देहाय वमोजिम हुने गरी ७ (सात) कायम गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

"१६. **संचालक समितिको गठन, संख्या र कार्यकाल:**

(क) कम्पनीमा एक जना स्वतन्त्र संचालक तथा एक जना महिला संचालक सहित सात जना संचालकहरु रहेको एक संचालक समिति हुनेछ । जसमा साविकको संस्थापकहरु नेपाल सरकार, यूनाईटेड मिसन टु नेपाल र नेपाल विद्युत प्राधिकरणको तर्फवाट एक जना संचालक समेत हुनेछ ।

(ख) संचालकहरुको नियूक्ति शेयरधनीहरुको साधारण सभावाट हुनेछ । संचालक समितिले संचालकको निर्वाचन गर्नका लागि निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

(ग) उपनियम (ख) मा जुनसुकै कुरा उल्लेख भएपनि नेपाल सरकारलाई नेपाल सरकार, यूनाईटेड मिसन टु नेपाल र नेपाल विद्युत प्राधिकरणको तर्फवाट संचालक मनोनयन गर्ने अधिकार हुनेछ ।

(घ) संचालकहरु मध्येवाट एकजना संचालक समितिको अध्यक्ष हुनेछ ।"

नियमावलीमा संशोधनको तीन महले प्रस्ताव तथा संशोधित व्यवस्था अनुसूची ४ र ५ मा संलग्न रहेको छ । उक्त पारित विशेष प्रस्तावहरु कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्दा वा नियमक निकायको निर्देशन वमोजिम कुनै हेरफेर गर्न पर्ने भएमा आवश्यक हेरफेर वा शंशोधन तथा अभिलेख समेतको कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिले पारित गऱ्यो ।

**(ग) विविध:**

विविध शिर्षक अर्न्तगत छलफल तथा निर्णय गर्नु पर्ने कुनै प्रस्ताव नभएको हुँदा सो शिर्षकमा कुनै निर्णय भएन ।

**(छ) <u>सभा विसर्जन:</u>**

साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हुँदा कम्पनी सचिवले ३१औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको ३१औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउने सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै ३१औं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो । सो साधारण सभा दिनको १२.१० बजे विसर्जन भएको थियो ।

(पद्म ज्योति)
अध्यक्ष

बुटवल पावर कम्पनी लिमिटेड bpc २०४९

(हरि बहादुर बुढाथोकी)
कम्पनी सचिव

## अनुसूची १
## बुटवल पावर कम्पनी लि.
## थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक अफरिङ) को वित्तिय योजना तथा रणनीति एवं कार्य योजना

**प्रस्ताव:**
कम्पनीका प्रति शेयर रु. १०० का दरका १,००,००,००० (एक करोड) कित्ता शेयरहरु प्रचिलत ऐन नियम वमोजिम प्रिमियम मूल्यमा थप सार्वजनिक निष्काशन गर्ने:

**वित्तिय योजना:**
यस बुटवल पावर कम्पनी लि. (यसपछि "कम्पनी" भनिएको) ले विदेशी लगानीकर्ताहरु SCIG International Limited (SCIG), Xingcheng International Investment Co. Ltd. (CXIG) र YEC International Co. Ltd. (QYEC) तथा ति कम्पनीहरुसंगको संयुक्त लगानीमा दर्ता भएको लगानी कम्पनी S.C.I.G. International Nepal Hydro Joint Development Investment Company Pvt. Ltd. (SHIN) सहितको सहभागितामा लगानी तथा निर्माण हुँदै गरेको मनाङ जिल्ला स्थित १३५ मेगावाटको मनाङ मर्स्याङदी जलविद्युत आयोजना तथा १३९.२ मेगावाटको तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनामा लगानी गर्ने हेतु प्रस्तावमा उल्लेख भए वमोजिमको प्रति शेयर रु. १०० का दरका १,००,००,००० (एक करोड) कित्ता शेयरहरु प्रचलित ऐन नियम वमोजिम थप सार्वजनिक निष्काशन गर्नका लागि यो वित्तिय योजना तयार गरिएको छ।
उल्लेखित आयोजनाहरुमा अनुसार कम्पनीको शेयर लगानी कुल चुक्ता पूँजीको १९.४% हुनेछ भने अन्य लगानीको हिस्सा उल्लेखित अन्य लगानीकर्ताहरुको रहनेछ । हालको प्रारम्भिक आंकलन अनुसार सो आयोजनाहरुमा कम्पनीको लगानी देहाय वमोजिम हुनेछ:

| क्र. सं. | आयोजना | कुल लगानी रु. | हाल सम्मको लगानी रकम रु. | थप लगानीको लागि आवश्यक रकम रु. |
|---|---|---|---|---|
| १ | मनाङ मर्स्याङदी जलविद्युत आयोजना | १,२३,०४,२७,००० | २०,१९,३२,००० | १,०२,८४,९५,००० |
| २ | तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना | १,०३,७१,७१,००० | २२,०८,८०,००० | ८१,६२,९१,००० |

त्यसैगरी कम्पनीले अध्ययन गरी उत्पादन अनुमतिपत्र प्राप्त गरेको मनाङ स्थित ७.९ मे.वा.को चिनो खोला जलविद्युत आयोजनाको लागि समेत स्वपूँजी लगानीको आवश्यकता रहेको छ । सो आयोजनाको निर्माण तथा संचालनका लागि चिनो हाइड्रोपावर लि. दर्ता गरिसकिएको छ भने सो कम्पनीमा आयोजना निर्माणका लागि कम्पनी लगानी गर्न पर्ने स्वपूँजी अर्थात शेयर रु. ३०,००,००,००० (तीस करोड रुपैयाँ) देखिएको छ । अत: उल्लेखित तीन जलविद्युत आयोजनामा लगानीका लागि दुई अरव रुपैयाँ भन्दा बढी हुने देखिएको छ । प्रस्तावित थप सार्वजनिक निष्काशनवाट प्राप्त हुने रकमहरु उल्लेखित आयोजनाहरुमा लगानी गरिनेछ ।
सो लगानीगर्दाको अवस्थामा देहायको रणनीति अख्तियारी गरिनेछ:

१. कम्पनीले थप सार्वजनिक निष्काशन मार्फत प्राप्त हुने रकम उल्लेखित आयोजनाहरुमा शेयर लगानी गरिनेछ ।

२. थप सार्वजनिक निष्काशन मार्फत प्राप्त हुने रकमको प्रभावकारी वित्तीय व्यवस्थापनमा उचित ध्यान दिइनेछ ।

३. थप सार्वजनिक निष्काशनवाट प्राप्त हुने रकम कुनै कारणवश उल्लेखित आयोजनाहरुमा शेयर लगानीका लागि पर्याप्त नभएमा कम्पनीले प्रचलित कानून अनुसार अन्य आवश्यक उपायहरु अवलम्व गरी लगानीको व्यवस्था गर्नेछ ।

४. कुनै कारणवश थप सार्वजनिक निष्काशनवाट प्राप्त रकम पुरै लगानी गर्न नपरेमा वा नभएमा बाँकी हुन आउने रकम कम्पनीको समेत शेयर स्वामित्व रहेको अपर मर्स्याङदी -२ जलविद्युत आयोजनाको आयोजना कम्पनी हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि.मा लगानी गरिनेछ ।

**कार्य योजना:**

प्रस्तावित थप सार्वजनिक निष्काशनको कार्य आ.व. २०८१।८२ को पहिलो त्रैमास भित्र सम्पन्न गर्ने योजना रहेको छ । सो निष्काशनवाट प्राप्त रकम निम्न अनुसार लगानी गरिनेछ:

| आयोजना | आ.व. २०८१।८२ रु. | आ.व. २०८२।८३ रु. | आ.व. २०८३।८४ रु. | आ.व. २०८४।८५ रु. | जम्मा रकम रु.. | कैफियत |
|---|---|---|---|---|---|---|
| मनाङ मर्स्याङदी जलविद्युत आयोजना | ३४,२८,३१,००० | ३४,२८,३२,००० | ३४,२८,३२,००० | - | १,०२,८४,९५,००० | मिति २०८३ मंसिर महिनामा व्यापारिक उत्पादन शुरु गर्ने । |
| तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना | १६,६२,७६,००० | २१,६६,७२,००० | २१,६६,७२,००० | २१,६६,७१,००० | ८१,६२,९१,००० | मिति २०८५ आषाढ महिनामा व्यापारिक उत्पादन शुरु गर्ने । |
| चिनो खोला जलविद्युत आयोजना | १५,००,००,००० | १५,००,००,००० | - | - | ३०,००,००,००० | मिति २०८२ चैत्र महिनामा व्यापारिक उत्पादन शुरु गर्ने । |

उल्लेखित वित्तिय योजना तथा कार्य योजनामा संचालक समितिले आवश्यक हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

बुटवल पावर कम्पनी लिमिटेड bpc २०४९